*"दिगो र तीव्र बिकास चौकुनेको रहर, गुणस्तरीय शिक्षा र ब्यावसायिक कृषिमा लहर"*

चौकुने गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

गुटु,सुर्खेत

कर्णाली प्रदेश,नेपाल

पसं२०८०।०८१ मिति२०८०।०६।१९

---

## नदीजन्य पदार्थ को लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः२०८०/०६/१९

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क र यस चौकुने गाउँपालिकाको आर्थिक ऐन, २०८० को दफा १० क व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खन नगरि यस चौकुने गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरि ठेक्का बन्दोवस्त गर्नुपर्ने भयकोले ईच्छुक व्यक्ति,फर्म वा कम्पनिहरुले फर्मको नविकरण भएको प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.ब. २०७९।०८० को कर चुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशन गरिएको छ।

**तपसिल**

| सि.नं | सूचनानं./बोलपत्रनं. | बोलपत्रकोनाम | उत्खनन्परिणाम(घनफिट) | न्यूनतमबोलपत्ररकम (सेवाशुल्करमू.अ. करबाहेक) | धरौटीरकम | बोलपत्रदस्तुर (रू.) |
|---|---|---|---|---|---|---|
| १ | CRM/NCB/GOODS/03/2080-81 | चौकुने गा.पा. वडा नं. ४,८ र ९ मा पर्ने भुडेभावर कर्णाली छाल, झाला कर्णाली छाल र बसन्ते खोलाका घाटहरुबाट नदिजन्य पदार्थ संकलन तथा बिक्री वितरण । | ८६९०६९.२ घनफिट | २६०७२५०।- (छब्बिस लाख सात हजार दुइ सय पचास रुपैंया मात्र) | कबोल अँकको कम्तिमा ५% ले हुन आउने रकम | ३०००।- |
| २ | CRM/NCB/GOODS/04/2080-81 | चौकुने गा.पा. वडा नं. ९ र १० मा पर्ने चैतुरुवा खोला, घाटगाँउ भेरि छाल, घाटगाँउ कर्णाली छाल, तामाधारा खोला कुमाला कर्णाली छाल, र कार्पा खोलाका घाटहरूबाट नदिजन्यपदार्थसंकलन तथा बिक्री वितरण । | ५४३३५१.४ घनफिट | १६३००५४ (सोह्र लाख तिस हजार चौवन्न रुपैंया मात्र) | कबोल अँकको कम्तिमा ५% ले हुन आउने रकम | ३०००।- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | CRM/NCB /GOODS/05/2080-81 | चौकुने गा.पा. वडा नं. २ र ३ मा पर्ने जामुने खोला, शोभानचौर कर्णाली छाल, धम्बु र बोला कर्णाली छालका घाटहरूबाट नदिजन्य पदार्थ संकलन तथा बिक्री वितरण । | ३७४७६८.६ घनफिट | ११२४३०६ (एघार लाख चौबिस हजार तिन सय छ रूपैंया मात्र) | कबोल अँकको कम्तिमा ५% ले हुन आउने रकम | ३००० ।- |

<u>शर्तहरु</u>

१. फर्मको हकमा नविकरण भएको दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. ०७९-०८० को करचुक्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि र ब्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,बोलपत्र फारम दस्तुर बापतको रकम लक्ष्मि सनराईज बैंक शाखा कार्यालय गुटु, सुर्खेतमा रहेको यस कार्यालयको खाता नं. ०९६०३३०००२२ (कार्यालयककोड: ८०१०६६८०७६,राजश्वशिर्षक: १४२२९)मा नगद जम्मा गरेको नगद भौचर साथ निबेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ३० औं दिन कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ । साथै विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहाने बोलपत्रदाताले सार्बजनिक खरिद अनुमन कार्यालयको www.bolpatra.gov.np बाट बोलपत्र समबन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको बैंक खातामा माथी उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्बजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षरर अंकमा स्पष्ट उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आँफूले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको लक्ष्मि सनराईज बैंक शाखा कार्यालय गुटु, सुर्खेतमा रहेको धरौटी खाता नं ०९६०३३०००१७२ मा नगद जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिल्बन्दी खाम साथ पेश गर्नु पर्नेछ । खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरि बोलपत्रदाताको प्रत्येक पानामा सही छाप गरी खाम बाहिर फर्मको नाम,ठेगाना,कामको विवरण, बोलपत्र विवरण प्रोप्राइटरको नाम,ठेगाना,फोन नं., मोबाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लागाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२ बजे भित्र यस कार्यालयमा हार्डकपी वा विद्युतीय प्रति दर्ता गर्नु पर्नेछ ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन । रीतपुर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि,निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्ने बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनको दिनमा गरिनेछ ।

४. प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले २० औं दिन दिनको २ बजे चौकुने गाउँपालिका कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी,रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिनभित्र मू.अ. कर  दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ताबापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्ता बापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा २०८१ साल अषाढ मसान्त सम्म म्याद सहित जारि गरिएको बैक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने ब्यक्ति वा फर्मले कबोल गरेको अंक,सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार नेपाल सरकारलाई आयकार तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखीएको धरोटी रकम जफत गरी नियमानुसार बोलपत्र वन्दोवस्त गरिनेछ । यस गाउँपालिका वा नगरपालिका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन ,२०७४; सम्बन्धीत स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिबेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

८. वोलपत्रदाताले कार्यालयले तोकेको शर्तहरुको अधिनमा रही कार्यालयको कार्यालय प्रमुखबाट प्रमाणित नगदी रसिदको मात्र प्रयोग गर्न पाउनेछ।साथैन दीजन्य पदार्थ उत्खनन्संकलन र विक्रि वितरण को मास्केवारि गाउँपालिका कार्यालयमा पेश गर्नुपर्नेछ।साथै गाउँपालिका र अन्य अनुगमन गर्ने निकाय वा अधिकारीले नियमानुसार जुनसुकै बखत नुगमन गर्न सक्ने छन।

९. कारण जनाइ वा नजनाई ठेक्का स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ । बोलपत्र दिँदा कुनै किसिमको शर्तनामा मान्य हुने छैन साथै रित नपुगी आएका बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

(नोटः विस्तुत जानकारीको लागि यस कार्यालयको website chaukunemun.gov.np मा समेत हेर्न सकिनेछ ।)